## कार्यपालिका वैठकका प्रस्तावहरु (२०७९ श्रावण २६ गते )

प्रस्ताव नं.१ : अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं .२ : स्थानीय भुउपयोग परिषद्को जग्गा वर्गिकरण सम्बन्धमा ।

प्रस्ताव नं .३ : बालविकास सहजकर्ताको थप पारिश्रमिक सम्बन्धमा ।

प्रस्ताव नं .४ : शव बहान संचालन कार्यविधि, २०७९" स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं .५ : खानेपानी मर्मतका लागि बजेट व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं .६ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं .७ : बजेट व्यवस्थाको लागि अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं .८ : सहायक कम्प्यूटर अपरेटर पदमा गरिएको नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं .९ : बालमैत्री वडा घोषणाको लागि सहजकर्ताको व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं .१० : न्यायिक सहजकर्ताको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं .११ : मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं १**

मिति २०७९/०४/१० गतेको नगर कार्यपालिकाको बैंठकबाट भएका निर्णयहरुको छलफल एवं समीक्षा गरियो।

**निर्णय नं २**

स्थानीय भुउपयोग परिषद्को मिति २०७९/०४/०८ गतेको निर्णयबाट नगरपालिका क्षेत्रभित्रका देहायका जग्गाहरुलाई गैंरकृषि (आवसिय क्षेत्र) को रुपमा वर्गिकरण गर्न सिफारिस भएको हुँदा उक्त जग्गाहरुलाई गैर कृषि (आवासिय क्षेत्र ) को रुपमा वर्गिकरण गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना | कित्ता नं | क्षेत्रफल | जग्गा बर्गीकरणको किसिम |
|---|---|---|---|---|---|
| १ | चित्रकुमारी धिताल | मेलम्ची-११ | ४५ | १-४-२-२ | गैर कृषि (आवासिय क्षेत्र ) |
| २ | स्व. सनक बहादुर थापा | मेलम्ची -६ | १०० | ३-१३-३-३ | |
| | | | ५ | ३-६-२-२ | |
| | | | १००८ | २-१३-०-० | |
| ३ | युवराज दुलाल | मेलम्ची -११ | ३९१ | २-९-३-१ | |
| ४ | पदम कुमारी थापा मगर | मेलम्ची-१० | ९९ | १-२-३-२ | |
| ५ | मोहन प्रसाद घोरासैनी | मेलम्ची-१३ | १२६४ | ४-०-०-० | |

**निर्णय नं ३ :** मेलम्ची नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ताहरुलाई संघीय सरकारबाट प्राप्त रु ८ हजार पारिश्रमिकमा नगरपालिकाको आन्तरिक श्रोतबाट थप हुने गरी रु १५ हजार खाइपाई आएकोमा आ.व. २०७९/८० को संघीय सरकारको बजेट वक्तव्य मार्फत रु. २ हजार थप भएकोमा निजहरुले खाइपाई आएको रु. १५०००।– मा रु. २०००।– थप गरी मिति २०७९ श्रावण १ गते देखि लागु हुने गरी रु. १७०००।– पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । साथै, नगरपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिक पाउने गरी नियूक्त भएका बाल विकास सहजकर्ताहरुको लागि समेत यस आ.व. को शिक्षा तथा खेलकुद शाखा अन्तर्गत विनियोजन भएको बजेटबाट व्यवस्थापन गर्ने गरी रु. २ हजार थप गरी रु. १७०००।– पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । साथै, वडा नं. ५ मा कार्यरत सामुदायिक सिकाई केन्द्रको सहजकर्ताको रुपमा कार्यरत कर्मचारीलाई समेत वडा कार्यालयमा नियमित हाजिरी गराई कामकाज गराउने गरी संघीय सरकारबाट थप प्राप्त हुने पारिश्रमिक थप गरी रु. १७ हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४ :** मेलम्ची नगरपालिकाको विधायन समितिबाट स्वीकृतको लागि पेश भएको "शव बहान संचालन कार्यविधि, २०७९" स्वीकृत गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

**निर्णय नं ५ :** मेलम्ची नगरपालिका वडा नं १३ (साविक फटकशिला गाउँ विकास समिति वडा नं ८) को दनुवार बस्तीमा खानेपानीको समस्या उत्पन्न भएको हुदाँ प्राविधिक लागत अनुमान बमोजिम मर्मत संभार विशेष कोषबाट खर्च हुने गरी रु. ३,५०,०००।– विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** मेलम्ची नगरपालिका वडा नं ९ निवासी श्री विनु खड्का इन्डोनेशियामा मिति २०७९ साल श्रावण २१ र २२ गते आयोजना भएको एशिया रग्बी ट्रफी प्रतियोगितामा टिम व्यवस्थापकको रुपमा सहभागी भई निजबाट आर्थिक सहयोग माग भएको हुँदा निजलाई शिक्षा, युवा तथा खेलकुद शीर्षकबाट खर्च हुने गरी रु ३०,०००।– आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** मेलम्ची र इन्द्रावती नदिमा आएको बाढी तथा पहिरोबाट मेलम्ची नगरपालिका अन्तर्गतको मेलम्ची तालामाराङ सडक खण्ड, पिप्ले मुसुरे वडा कार्यालय सडक खण्ड र मेलम्ची तिपेनी सडक खण्ड क्षति भई अवरुद्ध भएको हुँदा उक्त सडकहरु मर्मत संभार गरी तत्कालै यातायात संचालनको लागि मेलम्ची खानेपानी आयोजनालाई प्रति सडक रु ५/५ करोड उपलब्ध गराई दिनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** चौतारा सागाँचोकगढी नगरपालिका वडा नं ६ स्थायी निवासी श्री कृतिका बस्नेतलाई प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा सहायक कम्प्यूटर अपरेटर (सहायकस्तर चौथों) पदमा रही कार्य गर्ने गरी नियुक्ती गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :** मेलम्ची नगरपालिकाको नगर बाल अधिकार समितिको वैठकबाट सिफारिस भई आए बमोजिम बालमैत्री वडा घोषणाको लागि बालमैत्री वडा घोषणा शिर्षकमा विनियोजित बजेटबाट सहायकस्तर पाँचौं तहले पाए सरहको पारिश्रमिक पाउने गरी श्री केशब पौडेललाई मिति २०७९ श्रावण २० गते देखि लागु हुने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं १०** : मेलम्ची नगरपालिकामा प्रदेश सरकारबाट नियूक्ति भई न्यायिक सहजकर्ताको रुपमा कार्यरत श्री अस्मिता अर्यालको करार म्याद मिति २०७९ असार मसान्तबाट समाप्त भएकोले निजको करार म्याद मिति २०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ११** : मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०७९/०४/२६ गतेको वैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

(क) नगरपालिका क्षेत्र भित्र बाढी, पहिरो लगायतका मनसुनजन्य घटनाबाट क्षति भएका देहाय बमोजिमका योजनाहरु तत्काल मर्मत गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने र न्यूनतम लागतमा निर्माण गर्ने गरी देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## तपशिल

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | भोटेचौर काउले दोभान सडक खण्डको पहिरो नियन्त्रण एवं वैकल्पिक मार्ग निर्माण, मेनपा २ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २ | तालामाराङ बजार तथा तेर्से मा.वि. संरक्षण, मेनपा ६ | प्राविधिक लागत ईष्टिमेट बमोजिम अधिकतम रु. ५०,००,०००।– लागतमा संरक्षणको कार्य अघि बढाउने | |
| ३ | मेलम्ची तिपेनी सडक खण्डको राम्चे खोल्छी पहिरो संरक्षण , मेनपा ९ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ४ | राम्चे डिल पहिरो संरक्षण, मेनपा ९ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ५ | फट्टे धार्ना सडक खण्ड यातायात संचालन, मेनपा ७ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ६ | ठाँटी पंधेराचौर सिपाघाट सडक खण्डको चिहाने खोल्छा ढलान संरक्षण, मेनपा १३ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ७ | तालामाराङ बतासे सडक खण्ड यातायात संचालन , मेनपा ६ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ८ | ईलाका प्रहरी कार्यालय वाल संरक्षण, मेनपा ११ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ९ | बाँसवारी स्वास्थ्य चौकी र सुनखानी शहरी स्वास्थ्य केन्द्र पहिरो नियन्त्रण | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १० | बाहुनेपाटी थाक्ले सडक पहिरो नियन्त्रण, मेनपा १२ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा | |

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| | | निर्माण गर्ने) | |
| ११ | हिले भञ्ज्याङ्ग सेल्बोथान जिरो किलो काउले सडक पहिरो संरक्षण, मेनपा-३ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १२ | सुरुङ मार्ग डाँडाथोक ३ नं. वडा कार्यालय जोड्ने मोटरबाटो पुल कल्भर्ट, मेनपा-३ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १३ | सिमखेत बस्ती संरक्षण तथा नदी नियन्त्रण, मेनपा ११ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १४ | क्योरानी दाउचेत बाटो पहिरो नियन्त्रण , मेनपा ८ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १५ | वडा नं. ४ साम्दाङ बस्ती पहिरो नियन्त्रण | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १६ | सोती खोला पुल निर्माण, मेनपा ३ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १७ | वडा नं. १ को पहिरो नियन्त्रण डाँडागाउँ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १८ | सहरे खोला क्यामुने पहिरो नियन्त्रण, मेनपा १० | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| १९ | क्यामुने मुहान माझ कुलो पहिरो संरक्षण, मेनपा १० | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २० | ओखेनी पहिरो नियन्त्रण, मेनपा ४ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| २१ | डाँडाकटेरी बस्ती पहिरो नियन्त्रण, मेनपा ४ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २२ | दोभान दनुवार टोल सडक मर्मत, मेनपा ११ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २३ | वडा नं. ७ र ८ जोड्ने सडक मर्मत | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २४ | वाङसिङ खोला पहिरो नियन्त्रण, मेनपा ४ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २५ | ढुङ्गाना बेसी पहिरो नियन्त्रण, मेनपा ६ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २६ | तालामाराङ बतासे सडक संचालन, मेनपा ६ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २७ | सिमखेत र नुहानखोलाको हाइटेन्सन लाइन व्यवस्थापन | प्राविधिक लागत बमोजिम अधिकतम रु.२,००,०००\|- मात्र उपलब्ध गराउने | |
| २८ | ढकाल थोक कृष्ण मन्दिर पिपलचौर सडक पहिरो नियन्त्रण, मेनपा १२ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| २९ | सिन्धुखोला एक्ले बेसी पहिरो नियन्त्रण, मेनपा १२ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ३० | डुँडाको मुख तारुके फाँट सिंचाई कुलो पहिरो नियन्त्रण, मेनपा १३ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| ३१ | भदौरे धुसेनी सडक पहिरो नियन्त्रण, मेनपा ५ | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |
| ३२ | मेलम्ची तिपेनी खण्डको महरा टोल पहिरो नियन्त्रण, मेनपा १० | प्राविधिक लागत ईष्टिमेट बमोजिम (न्यूनतम लागतमा निर्माण गर्ने) | |

उपरोक्त योजनाहरु तत्काल कार्यान्वयन नगर्दा जोखिम अझै बढ्न गई थप जनधन तथा सार्वजनिक सम्पत्तिको क्षति हुने हुँदा प्राविधिक टोलीको सिफारिसको आधारमा योजनाहरुको प्राथमिकीकरण गरि विपद् व्यवस्थापन कोषमा रहेको बजेटले भ्याउने गरि न्युनतम लागतमा सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरेको छिटो खरिद प्रक्रिया अपनाई योजना तत्काल अगाडी बढाउने निर्णय गरियो ।

(ख) मेलम्ची नगरपालिका भित्रका बाढी पहिरो, आगलागी लगायतका विभिन्न विपद्‌बाट प्रभावित देहाय बमोजिमका व्यक्तिहरुलाई निजि आवास पुनर्निर्माणको लागि लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | लाभग्राहीको विवरण | ठेगाना | विपद्‌को प्रकृति | लाभग्राही सिफारिसको किसिम |
|---|---|---|---|---|
| १ | श्री किरण तामाङ | मेलम्ची न.पा. ९ | आगलागी प्रभावित | पुनर्निर्माण |
| २ | श्री युवराज दनुवार | मेलम्ची न.पा. ११ | बाढी प्रभावित | पुनर्निर्माण |
| ३ | श्री ऋषि लामिछाने | मेलम्ची न.पा. ११ | बाढी प्रभावित | पुनर्निर्माण |

साथै, मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निंवासी श्री हित बहादुर दनुवारको निजि आवास पुनर्निर्माण तर्फ लाभग्रही कायम भई निजी आवास पुनर्निर्माण गर्नका लागि जग्गा अनुगमन तथा प्राविधिक अध्ययन गर्दा आवास निर्माण गर्न उपयुक्त नदेखिएकोले निजलाई पुनर्निर्माणबाट पुनर्स्थापनाको लाभग्राही कायम गर्न सिफारिस गर्ने निर्णय गरियो । यसका साथै अन्य लाभग्राही सिफारिस गर्नका लागि प्राप्त निवेदन उपर आवश्यक प्राविधिक निरिक्षण एवंम् अनुगमन पश्चात आवश्यक कारवाही अघि बढाइने निर्णय समेत गरियो ।

(ग) मेलम्ची नगरपालिका वडा नं. १ र २ को सिमानामा रहेको भोटेचौर-काउले दोभान सडक खण्डमा मिति २०७९ श्रावण २० गते राती गएको पहिरोबाट उक्त सडक अवरुद्ध भई यातायात संचालनमा कठिनाई भएकोले हाललाई उक्त क्षेत्रको यातायात संचालन गरी दैनिक आवतजावत सहज बनाउनका लागि प्राविधिक अध्ययन गरी वैकल्पिक मार्ग निर्माण गर्ने निर्णय गरियो । साथै, भोटेचौर-काउले दोभान सडक खण्डमा गएको पहिरो नियन्त्रण एवंम् पन्छाउनको लागि प्राविधिक रुपमा अध्ययन गरी प्राविधिक प्रतिवेदनका आधारमा सडक संचालनमा ल्याउनको लागि आवश्यक कार्य गर्ने निर्णय गरियो ।

(घ) मनसुनजन्य विपदबाट मेलम्ची नगरपालिका क्षेत्रभित्रका विभिन्न सडक, बस्ति तथा सार्वजनिक संरचनाहरुमा क्षति पुर्याएको हुँदा उक्त क्षति न्यूनिकरण गर्नका लागि नगरपालिकामा भएका सिमित श्रोत साधनले असम्भव हुने भएको हुँदा तपशिल बमोजिमको सडक तथा बस्ति संरक्षणका लागि आवश्यक बजेट उपलब्ध गराउनका लागि संघीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. छाप भन्ज्यांग - फटकेश्वर सडक खण्ड
२. बाहुनेपाटि - तिपेनी सडक खण्ड
३. मेलम्ची-तालामारांग हेलम्बु सडक खण्ड
४. भोटेचौर- पिप्ले सडक खण्ड
५. काउले दोभान- पाटि भन्ज्यांग वडा कार्यालय सडक खण्ड
६. सिन्धुखोला - गिरान्चौर महभिर भोटेचौर सडक खण्ड
७. तालामाराङ तेर्स बस्ति संरक्षण
८. मेलम्ची बजार संरक्षण

(ङ) मेलम्ची नगरपालिका भित्रका बाढी पहिरो, आगलागी लगायत देहाय बमोजिमका विपद्जन्य योजना, कार्यक्रम तथा विपद् व्यवस्थापन कोष संचालन कार्यविधि बमोजिम नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री गृष्तीमाई राई, मेलम्ची न.पा. ३ | १०,०००।– | |
| २ | श्री किरण तामाङ, मेलम्ची न.पा. ९ | ४०,०९२।– | वडा नं. ४ को टेण्ट लगायतको सामाग्री ढुवानी |

| क्र.सं. | विवरण | खर्च रकम रु. | कैफियत |
| --- | --- | --- | --- |
| | | | सहित |
| ३ | श्री बलराम नेपाल, मेलम्ची न.पा. ५ | १०,०००।– | |
| ४ | श्री उषा देवी सार्की, मेलम्ची न.पा. ८ | १०,०००।– | |
| ५ | श्री विष्णु कार्की, मेलम्ची न.पा. ९ | १५,०००।– | |
| ६ | श्री दिल बहादुर तामाङ, मेलम्ची न.पा. १२ | १५,०००।– | |
| ७ | श्री मोहन बहादुर दमाई, मेलम्ची न.पा. १३ | १०,०००।– | |
| ८. | सडक मर्मत एवंम् बस्ति संरक्षण (सिमखेत स्थित मेलम्ची-हेलम्बु सडक खण्ड, मेलम्ची बजार संरक्षण, मेनपा-८ वडा कार्यालय जाने बाटो मर्मत, मेनपा-३, ४ र भदौरैमा पहिरो पन्छाईएको तथा बाटो मर्मत, आदि) | ६०८१९९.९०।– | |
| | जम्मा | ७,१८,२९१.९०।– | |

(च) मेलम्ची नगरपालिका भित्रका तपशिल बमोजिमका बस्तीहरु जोखिमयुक्त रहेको हुँदा उक्त वस्ती तथा क्षेत्रहरुको आवश्यक अध्ययन गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोक र राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्ने निर्णय गरियो ।

## जोखिमयुक्त बस्ति तथा क्षेत्रहरुको विवरण

| क्र.स. | बस्ति/क्षेत्रको विवरण | ठेगाना | कैफियत |
| --- | --- | --- | --- |
| १ | नेपाली टोल | मेनपा-१ | |
| २ | स्वामीको बोट टोल | मेनपा-१ | |
| ३ | चाँपाबोट टोल | मेनपा-१ | |
| ४ | पाटि गाउँ टोल | मेनपा-१ | |
| ५ | झाक्री गाउँ | मेनपा-१ | |
| ६ | भोटेचौर बजार टोल | मेनपा-१ | |
| ७ | डांडाघर बस्ति | मेनपा-२ | |
| ८ | सिरान टोल बस्ति | मेनपा-२ | |
| ९ | माइलाउ टोल बस्ति | मेनपा-२ | |
| १० | स्यांगतान टोल | मेनपा-३ | |
| ११ | डांडा कटेरी बस्ति | मेनपा-४ | |

| क्र.स. | बस्ति/क्षेत्रको विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १२ | टार नेपाल बस्ति | मेनपा-५ | |
| १३ | गोलखाल्टा विक टोल | मेनपा-५ | |
| १४ | माथिल्लो घ्यांग बस्ति | मेनपा-५ | |
| १५ | उपल्लो बस्ति | मेनपा-६ | |
| १६ | लामा टोल बस्ति | मेनपा-६ | |
| १७ | कोटेडांडा बस्ति | मेनपा-८ | |
| १८ | ब्रेमांग बस्ति | मेनपा-८ | |
| १९ | खैरे बस्ति | मेनपा-८ | |
| २० | भट्टराई टोल | मेनपा-९ | |
| २१ | खानी पैरो टोल | मेनपा-९ | |
| २२ | खड्का थोक टोल | मेनपा-९ | |
| २३ | सुनार गाउँ (फ़लामे) | मेनपा-१० | |
| २४ | दाहाल टोल | मेनपा-१० | |
| २५ | भुमेस्थान बस्ति (दमै टोल) | मेनपा-१० | |
| २६ | सुवारा दनुवार गाउँ | मेनपा-११ | |
| २७ | गुरुङ टोल | मेनपा-११ | |
| २८ | बिसौना टोल | मेनपा-११ | |
| २९ | कार्तिके पुछार टोल | मेनपा-११ | |
| ३० | सिमपानी थिंग टोल | मेनपा-११ | |
| ३१ | दोभान टार बस्ति | मेनपा-११ | |
| ३२ | माझि गाउँ | मेनपा-१२ | |
| ३३ | गिरान्चौर सिमपानी बस्ति | मेनपा-१२ | |
| ३४ | विक टोल | मेनपा-१२ | |
| ३५ | भुजेल टोल | मेनपा-१२ | |
| ३६ | दमाई टोल | मेनपा-१३ | |
| ३७ | माझि गाउँ, सुनडांडा | मेनपा-१३ | |
| ३८ | ठुलो गाउँ | मेनपा-१३ | |
| ३९ | तामाङ टोल | मेनपा-१३ | |
| ४० | दनुवार गाउँ | मेनपा-१३ | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

(छ) जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको चलानी नं. १८९, मिति २०७९ श्रावण १६ गतेको पत्रानुसार सडक किनारामा रहेका जोखिमयुक्त धराप रुखहरुको व्यवस्थापन गर्नका लागि लेखि आएको हुँदा यस नगरपालिका भित्र रहेका जोखिमयुक्त रुखहरुको लगत संकलन गरि आवश्यक व्यवस्थापनका लागि सब-डिभिजन वन कार्यालय, मेलम्चीलाई पत्राचार गर्ने निर्णय गरियो ।

(ज) मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट मेलम्ची नगरपालिकामा रहेका पिडित जग्गाधनिहरुलाई राहत उपलब्ध गराउने मिति २०७८ फाल्गुन २५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत मापदण्ड बमोजिम राहत रकम पाउन छुट भएका जग्गाधनि पिडितहरुलाई राहत उपलब्ध गराउनका लागि तपशिलमा उल्लेखित कार्यदल गठन गर्नका लागि कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो । साथै उक्त कार्यदलको प्रतिवेदनको आधारमा छुट जग्गाधनी पिडितहरुलाई आवश्यक राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल:**

१. सम्बन्धित वडाको वडाध्यक्ष – अध्यक्ष
२. कृषि विकास शाखा प्रमुख - सदस्य
३. अमिन - सदस्य
४. वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

(झ) नगरपालिका क्षेत्र भित्र मनसुनको समयमा विपद् बाट हुने क्षति तथा जोखिम न्यूनीकरणका लागि तत्काल प्रत्येक वडालाई जनही ६०० मिटर प्लास्टिक उपलब्ध गराउने निर्णय गरियो ।

२०७९।४।१८

नगर मेलम्ची नगरपालिका
कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल